जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ३८ अंक ४० २०७७ साल असार २८ गते आइतवार (12 July 2020 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः**

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- विवाहमा लेनदेख गर्ने तथा दाईजो नदिएको कारण सताउनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्नेलाई तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहु विवाह स्वतः बदर हुने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – **पृष्ठ २ मा :** कार्यक्रम गर्ने विषयमा ... **पृष्ठ ३ मा :** वैकल्पिक शक्ति बनाउने ... **पृष्ठ ४ मा :** विपन्न ९१ परिवारलाई ... **पृष्ठ ५ मा :** उद्योग व्यवसायीद्वारा ...

# सप्तकोशीमा पानीको बहाव बढेसँगै गोबरगाढाका ७५ परिवार बिस्थापित



**राजबिराज**/दुई दिनदेखी परेको निरन्तर वर्षाले सप्तकोशी नदीमा पानीको बहाव बढेसँगै सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १३ गोबरगाढाका ७५ परिवार बिस्थापित भएका छन्।

सो गाउँमा अहिले बाढी पसेपछि घर डुवानमा परेका ७५ परिवारलाई प्रहरीको सहयोगमा उद्धार गरि उच्च स्थानमा रहेको राष्ट्रिय आधारभूत प्राथमिक विद्यालयमा पुऱ्याइएको छ।

टप्पु नामले चिनिने गोबरगाढा चारैतिर कोशी नदीले घेरिएको छ। गोबरगाढामा पुग्ने मार्गहरु डुवानमा परेपछि डुङ्गामा राखेर उनीहरुलाई सुरक्षित स्थानतर्फ पुऱ्याउने काम गरिएको वडा अध्यक्ष बिन्देश्वर यादवले जानकारी दिएका छन्।

सप्तकोशीमा निरन्तर पानीको बहाव बढ्दै गएकाले मानविय क्षति हुन नदिन राहत तथा उद्धार कार्यका लागि त्यसतर्फ ठूलो संख्यामा आवश्यक सामाग्रिसहित सुरक्षाकर्मी पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

वडा अध्यक्ष यादवले पानीको बहाव निरन्तर बढ्दै गएकाले थप परिवारलाई पनि प्रहरीको सहयोग लिएर डुङ्गामा राखी सुरक्षित स्थानतर्फ लाने तयारी भइरहेको बताए। सुरक्षित ठाउँमा आएकाहरु पशुचौपाया पनि जोगाईदिने आग्रह गरिरहेको उनले सुनाए।

वर्षा जारि रहेकाले सप्तकोशी आसपासका बासिन्दालाई सुरक्षित

*बाँकी अन्तिम पृष्ठमा*

# पोखरीमा माछा मार्ने विषयमा कुटपिट हुँदा एक महिलाको मृत्यु

**राजबिराज**/पोखरीमा माछा मार्ने विषयमा दुई पक्षबीच विवाद भई कुटपिट हुँदा शनिबार एक महिलाको मृत्यु भएको छ भने अर्की एक महिला गम्भिर घाइते भएकी छिन्।

सप्तरीको डाक्नेश्वरी नगरपालिका ७ ब्रहमपुर टोलकी ५० वर्षिया मानशेरदेवी मण्डलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

घरेलु हतियार प्रहार गर्दा मण्डलको घटनास्थलमै मृत्यु भएको प्रहरीको भनाई छ। घटनामा गम्भिर घाइते भएकी सोही वडाकी ३५ वर्षिया सीतादेवी मण्डलको स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको छ।

यता घटनामा संलग्न रहेको आरोपमा प्रहरीले सोही वडा बस्ने ३५ वर्षिय कारी साह, १५ वर्षिय सुनिल कुमार साह, २२ वर्षिय धनबिर साह, ३६ वर्षिय विरेन्द्र साह र ५५ वर्षिय राम प्रसाद साहगरि पाँच जनालाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# शिवथानवासी हातमा चप्पल र काँधमा साइकल बोकेर आवतजावत गर्न बाध्य



**राजबिराज**/दुई दिनदेखी परिरहेको अबिरल बर्षाका कारण राजबिराजका अधिकांश बाटो हिलोमय हुनुका साथै जलमग्न भएको छ।

विगतको वडा नं. १० र अहिलेको वडा नं. १ स्थित स्वास्थ्य चौकी हुँदै शिवथान टोल जाने बाटो जिर्ण भएका कारण हिलोमय भएको छ। विगतदेखी नै बाटो जिर्ण रहेको अवस्थामा गत वर्ष सो बाटोमा माटो हालिएको थियो। तर, अहिले भइरहेको वर्षाका कारण बाटोमा आवतजावत गर्न निकै कठिनाई भइरहेको छ।

शनिबार वर्षा भइरहेको बेला पैदल यात्रीले हातमा चप्पल र साइकल यात्रीले हातमा साइकल बोकेर आवतजावत गर्न बाध्य भएको स्थानिय रामअवतार यादवले बताए। उनका अनुसार वडा अध्यक्ष चन्द्रशेखर चौधरीलाई बाटोप्रति ध्यानाकर्षण गराउँदा समेत वेवास्ता गर्दै आइरहेका छन्।

पहिलेदेखी नै ग्रामिण रुपमा चिनिने सो वडाको शिवथान टोलमा हाल पनि परिवर्तनको संकेत देखिएको छैन्। बर्सेनि बर्षाको पानीले शिवथान, डुमरी, टोलजाने उत्तरपटीको बाटो हिलोम्य नै हुने गरेको छ।

दुई वर्षअघि स्वास्थ्य चौकीसम्म राजबिराज नगरपालिकाले आरसिसी ढलान गरेको थियो र बाँकी सडकलाई जिर्ण अवस्थामै छोडेपछि वर्षाको

*बाँकी अन्तिम पृष्ठमा*

**सूचना**

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्भनुहोस्।

हाम्रो सेवाहरु →

iPay remit
WESTERN UNION
MONEY TRANSFER
Best Remit
Prabhu Money Transfer
City Express
IME International Money Express
IME pay
himal remit
CG Money
MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

### कोरोनाको संक्रमणबाट सतर्कता नै उत्तम उपाय

कोरोना भाइरसको संक्रमण अहिले विश्वका प्राय सबै राष्ट्रमा देखा परेको छ। यो संक्रमणबाट विश्वभर हालसम्म पाँच लाख भन्दा बढी ब्यक्तिको मृत्यु भइसकेको छ भने लाखौं व्यक्ति यसबाट संक्रमित छन्। नेपालमा हालसम्म १६ हजार बढीमा यसको संक्रमण फेला परिसकेको छ। यता विश्व स्वास्थ्य संगठनले नेपाल पनि उच्च जोखिममा रहेको बताएकोले हामीले सतर्कता अपनाउनु जरुरी देखिएको छ।

चीनको बुहान शहरबाट शुरु भएको कोरोना भाइरसलाई विश्व स्वास्थ्य संगठनको महामारी घोषित गरिसकेको अवस्थामा नेपाल तीन महिनासम्म लकडाउनमा रहेको थियो। जनताले कष्ठकर जिवन बिताइरहेको अवस्थालाई मध्यनजर गर्दै असारको पहिलो सातादेखी नेपालमा लकडाउनलाई खुकुलो बनाइएको छ। यस महामारीबाट अहिले संसारका सबै ब्यक्ति सचेत भइसकेका छन्।

स्वास्थ्य कार्यकर्ताहरुका लागि यस भाइरसलाई फैलिनबाट रोक्ने मुख्य चुनौती बनेको छ। कोरोना भाइरसको संक्रमणबाट रुघाखोकीदेखि लिएर स्वाशप्रश्वासमा समस्या हुन सक्छ। यस भाइरसको हालसम्म कुनै प्रकारको खोप वा औषधि बन्न सकेको छैन। तसर्थ आफु संक्रमणबाट बच्नु र अरुलाई समेत यसबाट बचाउनु उत्तम उपाय सतर्कता हो।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# कार्यक्रम गर्ने विषयमा नेकपाकै दुई पक्षबीच विवाद



**राजविराज**/ सत्तारुढ नेकपा भित्रको केन्द्रमा चलिआएको आन्तरिक विवाद बुधबार सप्तरीमा पनि देखियो। प्रम ओलीको समर्थनमा एउटै पार्टीका एकपक्षले कार्यक्रम गर्न खोज्दा सोही पार्टीका अर्को पक्षले विथोलिएपछि विवाद देखिएको हो।

तत्कालिन एमालेका तर्फबाट राजविराज नगरपालिकाका मेयर पदका प्रत्यासी हाल नेकपा प्रदेश २ का सदस्य सुखराम यादव, नेता अशोक यादव, अखिलेश झाल, दुर्गानन्द ठाकुर लगायतले प्रधानमन्त्री केपी शर्मा ओलीको समर्थन तथा पार्टी एकता कायम राख्नका लागि भन्दै जुलुस निकाल्ने तयारी गरेका थिए।

राजविराजस्थित शिवमन्दिर प्राङणमा प्रमको समर्थनमा एक पक्षले कार्यक्रम गर्दै गरेको अवस्थामा अर्को पक्षले समन्वय नै नगरि कार्यक्रम गरेको भन्दै केही बेर घम्साघम्सी परेको थियो। यता माहौल तनावग्रस्त बन्दै जाँदा स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले हस्तक्षेप गरेको थियो।

अर्को पक्षबाट पूर्वमन्त्री समेत रहेका नेकपाका नेता उमेश यादवले पार्टी नीति निर्देशन विपरीत मनपरी ढंगले कार्यक्रम गर्न लागेकाले रोकिएको दाबी गरे। उनले जिल्ला कमिटीका अध्यक्ष र सचिव दुबैको अनुपस्थितिमा हुन लागेको कार्यक्रमलाई पार्टीको आधिकारीक कार्यक्रम भन्न नमिल्ने जिकिर गरे।

# सार्वजनिक यातायात संचालनको माँग गर्दै प्रदर्शन

**राजविराज**/सार्वजनिक यातायात मजदुरहरुले यातायात संचालनको माँग गर्दै बुधबार राजविराजमा प्रदर्शन गरेका छन्।

नेपाल यातायात स्वतन्त्र मजदुरु संगठन नगर कमिटि तथा अखिल नेपाल विद्युतीय रिक्सा, अटो, टेम्पु मजदुर संघ सप्तरीको संयुक्त अगुवाईमा यातायात मजदुरहरुले सो प्रदर्शन गरेका हुन्।

निजिले सार्दैन सार्वजनिक सवारीसाधनले कसरी कोरोना सार्छ सरकार लगायतका नारासहितको प्लेकार्ड लिएर मजदुरहरुले बजार क्षेत्र परिक्रमा गरेका थिए।

प्रदर्शन पश्चात् उनीहरु प्रमुख जिल्ला अधिकारी शंकर आचार्यमार्फत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, गृह मन्त्रालय तथा राजविराज नगरपालिकालाई ज्ञापनपत्र बुझाएका छन्।




पठाइएको ज्ञापनपत्रमा विगत चार महिनादेखी सार्वजनिक यातायात नचल्दा यातायात मजदुर र आश्रित परिवारलाई हातमुख जोड्ने समस्या भएको उल्लेख गर्दै निजि जस्तै सार्वजनिक यातायात पनि तत्काल खोल्न अनुमति दिनु पर्ने माँग गरिएको छ।

बिरोध प्रदर्शनपछि आयोजित कोणसभालाई सम्बोधन गर्दै अखिल नेपाल ट्रेड युनियन महासंघ प्रदेश २ का महासचिव केदार देव, अखिल नेपाल विद्युतीय रिक्सा, टेम्पु, अटो मजदुर संघका जिल्ला अध्यक्ष बिजेन्द्र देव, नेपाल यातायात स्वतन्त्र मजदुर संगठन नगर कमिटिका अध्यक्ष भोलाप्रसाद यादवलगायतले सात दिन भित्र सरकारले सार्वजनिक यातायात संचालनमा ल्याउने अनुमति नदिए सडकमा गुड्ने अन्य निजि सवारीसाधनलाई समेत बन्द गराउनुका साथै सशक्त आन्दोलनका कार्यक्रमहरु सार्वजनिक गर्ने घोषणा गरे।


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# वैकल्पिक शक्ति बनाउने आधार नै कमजोर

**सत्यनारायण मण्डल**

जसपाको ५३ सदस्यीय केन्द्रीय कार्यकारिणी समिति घोषणा भएको छ, जसमा दुई जना मनोनयन गर्न बाँकी छ। त्यसमा मेरो नाम परेन वा पारिएन भन्ने कुरामा मेरो असन्तुष्टि भन्दा पनि केन्द्रीय कार्यकारिणी समितिको निर्माण समावेशिता समावेशिताको सिद्धान्त विपरीत छ। यसमा मात्रै मेरो असन्तुष्टि छ।

तत्कालीन राजपाको तर्फबाट महेन्द्र यादवको कोटामा तीन जना परेका थिए। उहाँले तीनै जना यादवलाई नै मनोनित गर्नुभयो। अन्य नेताहरुको पनि त्यस्तै हिसाबकिताब छन्। महन्थ ठाकुरले पनि उच्च जातिबाट बढी राख्नुभएको छ, राजेन्द्र महतोले पनि आफ्नो जातिका धेरै मान्छेलाई राख्नुभयो। निर्वाचन आयोगले सबै पार्टीलाई परिपत्र गरेको छ कि पार्टीभित्र बन्ने कुनै पनि समितिमा समानुपातिक र समावेशी प्रतिनिधित्व हुनुपर्छ। यस्तै, नेपालको संविधानले पनि समानुपातिक समावेशी हुनुपर्ने भनेको छ। अरु पनि धेरै सैद्धान्तिक धाराहरु छन् जसले समानुपातिक समावेशिताको सिद्धान्तमा मनोनयन वा नियुक्ति गर्नुपर्ने भनेका छन्। ५१ जनाको केन्द्रीय कार्यकारिणी समितिमा एक जना पनि दलित छैन, मधेशका जनजाति छैन। मधेशका जनजाति भनेको धानुक, कुर्मी, केवट र अमात (डिक्का) समुदाय हो। यस समुदायबाट एक जना पनि छैन। डिक्काको जनसंख्या नेपालमा १२ लाखभन्दा बढी छन्। अर्को कुरा दलितबाट पनि एक जना प्रतिनिधित्व गराइएको छैन। म महेन्द्र यादवको पार्टीमा उपाध्यक्ष थिएँ। उहाँले जसरी रमेश यादवलाई मनोनयन गर्नुभएको छ, मेरो प्रोटोकल माथि छ। म यादव नभएकोले मलाई मनोनयन गरिएन। मभन्दा मुनितिरका रमेश यादवलाई मनोनयन गर्नुभयो। उहाँकै कोटाबाट रामनरेश यादवलाई गर्नुभएको छ, उहाँ त मन्त्री पनि हुनुहुन्छ। अब उहाँ मन्त्रालय चलाउने हो कि केन्द्रीय समितिमा काम गर्नुहुन्छ ? त्यसकारणले म यो केन्द्रीय कार्यकारिणी समितिबाट एकदम असन्तुष्ट छु।

केन्द्रीय कार्यकारिणी समितिमा जसरी उहाँहरुले मनोनयन गर्नुभएको छ, यसबाट तीनवटा कुरा प्रमाणित भएको छ। एउटा जातिवाद, दोस्रो नातावाद र तेस्रो कृपावादभन्दा उहाँहरु माथि उठ्न सक्नुभएन भन्ने कुरा प्रमाणित भएका छन्। उहाँहरुको परिवारका मान्छेहरु, गणेश परिक्रमा गर्नेहरु वा जातिका मान्छेहरु मात्रै परेका छन्।

निश्चितरुपमा अहिले धेरै समितिहरु निर्माण हुन बाँकी छ तर जसपाको यो गभर्निङ्ग कमिटी हो। यो गभर्निङ्ग कमिटीले अन्य समितिहरु बनाउने हो। त्यसकारणले केन्द्रीय कार्यकारिणी समिति सन्तुलित बन्नुपर्ने थियो। यसमा सबै क्षेत्र, वर्ग, समुदायबाट समेटिनुपर्ने थियो। केन्द्रीय कार्यकारिणी समितिले अन्य बन्ने समितिहरुमा प्रभाव पार्ने भएकोले सन्तुलित हुनुपर्दथ्यो। तर सुरुको जुन मुख्य समिति नै खराब छ भने त्यसबाट हामी कतिसम्म अपेक्षा गर्न सक्छौं ?

केन्द्रीय कार्यकारिणी समिति नै असन्तुलित भइसकेपछि अब बन्ने अन्य समितिहरु पनि असन्तुलित बन्ने छन्। त्यसैले केन्द्रीय कार्यकारिणी समितिलाई समानुपातिक समावेशी सिद्धान्तअनुसार र भौगोलिकरुपमा पनि समावेशी बनाइ पुनर्गठन गर्नुपर्छ। यो केन्द्रीय कार्यकारिणी समितिलाई पुनर्गठन नगरिकन हुँदैन। जसरी हाम्रा नेताहरुले संविधान संशोधन र पुनर्लेखन भन्नुहुन्थ्यो त्यसरी नै जसपाको केन्द्रीय कार्यकारिणी समितिलाई पुनर्गठन गर्नुपर्ने हो।

यो पार्टीमा धेरै नेताहरुको योगदान छ, पार्टीका लागि आफ्नो जीवनको महत्वपूर्ण ऊर्जा र समय खर्चेका छन्। त्यसैले, अब फेरि आफ्नै पार्टीबाट अपहेलित र काखापाखा लगाउने काम हुन्छ भने हामीजस्ता धेरै नेता कार्यकर्ता छन् जसले संघर्ष गर्नुपर्ने हुन्छ। पार्टी बनाउन सबैको योगदान छ र त्यो योगदानसहितको स्थान पाएन भने संघर्ष गर्दै जानुपर्छ। यसका विषयमा हामी जनतासम्म पुऱ्याउँछौं।

समानुपातिक समावेशीका लागि हामी लड्दै आएका छौं र सरकारसँग पनि हामीले यही कुरा माग गरिरहेका छौं। हामीले आफ्नै कार्यकारिणी समिति बनाउँदा त्यो सिद्धान्तलाई मान्दैनौं भने यो एउटा दुःखको कुरा हो। समानुपातिक समावेशिताका लागि हामी राज्यसँग लडिरहेका छौं तर आफ्नै कार्यकारिणी समितिमा ती कुरालाई गौण गरेका छौं। हाम्रा नेताहरुमा यस किसिमको भावनामा विचलन भएको देखिन्छ। हाम्रा नेताहरुले पलायनवादी चिन्तनबाट मुक्त भएर तुरुन्त केन्द्रीय कार्यकारिणी समितिलाई समानुपातिक समावेशिताको सिद्धान्तअनुसार बनाउनुपर्छ। त्यसपछि मात्रै नेपालमा वैकल्पिक शक्ति निर्माणको आधार तयार हुन्छ।

लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपालकै हो भन्ने प्रष्ट प्रमाण र तथ्यहरु छन्। तर, यसमा नेपाल सरकारको अलिकति कमजोरी देखिएको छ। सरकारले प्रमाणहरु संकलनका लागि अहिले ९ सदस्यीय विज्ञ समूह निर्माण गरेको छ। यसका बारेमा भारतका विभिन्न मिडियाहरुले चीनको उक्साहटमा र जबरजस्ती आफ्नो नक्सामा राख्यो भनिरहेको छ। यस्तो टिप्पणी गर्ने ठाउँ नेपालले नै दिएको हो। संसदबाट पारित गरिसक्यो तर प्रमाणहरुका लागि विज्ञ समूह गठन गरिएको छ। यसको मतलब अहिलेसम्म हामीसँग प्रमाण छैन जस्तो सन्देश गयो। सन् १८१६ को सुगौली सन्धिले स्पष्ट गरेको छ कि ती भूभागहरु हाम्रै हो। अब नेपाल सरकारको कुटनीतिक कुशलतामा निर्भर पर्छ कि कुटनीतिक वार्तामा बसेर कसरी ती भूमिहरु आफ्नो स्वामित्वमा ल्याउने। अहिलेसम्म ती भूभागहरु भारतकै कब्जामा छ। अब नेपाल सरकारले आफ्नो दक्षता देखाउनुपर्‍यो। शक्ति प्रदर्शन र सम्बन्ध बिगारेर ती भूभागहरु फिर्ता हुनेवाला छैन।

हो, अहिले प्रमाण संकलनका लागि विज्ञ समूह बनाउनुपर्ने आवश्यकता थिएन। सरकारसँग त प्रमाण र तथ्यहरु त अवश्य नै होला। यदि विज्ञ समूह गठन गरेको पनि छ भने परराष्ट्र मन्त्रालय मातहत इन्डो-नेपाल डेस्क छ, त्यसले विज्ञहरु सहयोग लिनुपर्दथ्यो। नेपालले प्रमाण संकलनका लागि विज्ञ समूह गठन गरेको भनेर नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा आफ्नो मुद्दालाई कमजोर पार्ने काम गरेको हो। सरकारले विज्ञ समूह गठन गरिएको छ भन्ने कुरा आफ्नो प्रवक्ताद्वारा बाहिर ल्याउनुपर्ने थिएन। इन्डो-नेपाल डेस्कको माध्यमबाट प्रमाणहरु संकलन गरिएको भए राम्रो हुन्थ्यो। सरकारले आफ्नो प्रवक्ताद्वारा विज्ञ समूह गठन गरिएको कुरा बाहिर ल्याउनु भनेको आफ्नो कमजोर दर्शाउनु हो।

विज्ञ समूह गठन भएकै हो भने त्यसलाई यसलाई बाहिर ल्याउनुपर्ने थिएन। अर्को कुरा विज्ञ समूहमा सीमामा बस्ने अथवा त्यहाँको वस्तुस्थिति बुझ्ने मधेशी समुदायबाट पनि राख्नुपर्ने थियो। त्यसमा एक जना पनि मधेशी छैनन्। विज्ञ समूहमा रहेकाहरुलाई नेपाल-भारत सीमाका बारेमा राम्ररी थाहा पनि छैन। अभिलेख र कार्यपत्रको आधारमा मात्रै उनीहरुको विज्ञता होला तर व्यावहारिक तवरमा सीमाबारे ज्ञान त मधेशीहरुलाई मात्रै थाहा छ। त्यसैले मधेशबाट पनि त्यस्ता विज्ञहरुलाई राख्नुपर्दथ्यो।

ती भूभागहरु नक्सामा ल्याइए पनि भोगचलनमा ल्याउन सरकारसँग धेरै चुनौतीहरु छन्। जुन भूभागहरुमा हामीले दावा गरिरहेका छौं त्यहाँसम्म पुग्ने हाम्रो एक्सेस नै छैन। त्यहाँ बसोबास गर्ने जनताहरुसँग ६०-६५ वर्षदेखि नेपाल सरकारको कुनै वास्तै थिएन। त्यहाँका जनतालाई भारतको सरकारले आधार कार्ड, राशन कार्ड दिएको छ, सडक निर्माण गरिदिएको छ। नेपाल सरकारले त्यहाँ एक पैसाको बजेट नदिने, त्यहाँका जनतालाई हेरचाह नगर्ने, न सडक बनाउने र खानेपानी, बिजुलीसमेत दिएको छैनतार्स। आगामी आर्थिक वर्षको बजेटमा ती ठाउँका लागि कुनै व्यवस्था गरेको छैन। एउटा जुन बिओपी खडा गरिएको छ, त्यो पनि ४० किलोमिटर वरै खडा गरिएको छ। त्यहाँ न हाम्रो प्रहरी प्रशासनको उपस्थिति छ। यसकारणले सुरक्षा चुनौती त छ। त्यहाँ हाम्रो प्रशासनिक पहुँच छैन। त्यहाँका जनताहरु भारतको प्रभावमा परिसकेका छन्। त्यसकारणले नेपालले यस्ता समस्याहरु समाधान गर्दै नेपालले भारतसँग राम्रो सम्बन्ध राख्दै कुटनीतिक दक्षता देखाउनुपर्‍यो।

*बाँकी चार पृष्ठमा*






# विपन्न ९१ परिवारलाई राहत प्रदान



**राजविराज**/लामो समयको लकडाउनले समस्यामा परेका सप्तरीका विपन्न समुदायलाई एक गैरसरकारी संस्थाले राहत बितरण गरेको छ।

क्रियसन नेपाल नामक संस्थाले कोलाकोला फाउण्डेशनको सहकार्यमा ती विपन्न समुदायलाई सामाग्रि प्रदान गरिएको हो।

गरिब असाहय ९१ परिवारलाई चाम, दाल, चिनि, चना, सोयाबिन, मास्क, साबुनका साथै जिवनजल, सिटामोल, लगायतका राहत सामाग्रि मंगलबार बितरण गरेको संस्थाले जनाएको छ। यसअघि पनि संस्थाले १ सय ३ गरिब, असहाय परिवारलाई खाद्यान्न तथा राहतका सामाग्रि बितरण गरेको थियो।

सामाजिक दुरी कायम गर्दै थालिएको कार्यक्रममा क्रियसन नेपालकी अर्का प्रतिनिधि बन्धना मिश्र, पत्रकार महासंघ प्रदेश २ का पार्षद मनोज कुमार माझि, ब्रहामन सेवा समाजका अध्यक्ष विवेकानन्द मिश्र, केन्द्रिय सदस्य सतिशचन्द्र झा, सचिव अजित ठाकुर लगायतले राहत बितरण गरेका थिए।

### *वैकल्पिक शक्ति ...*

निश्चितरुपमा यो पनि एउटा कमजोरी हो कि सरकारले आफ्नो बजेटमा ती भूभागहरुका लागि कुनै किसिमको प्याकेज राख्न सकेन। कमसेकम आगामी बजेटमा त्यहाँका जनताका लागि बिजुली, खानेपानी, सडक निर्माण, खाद्यान्न लगायत आकर्षित हुनुपर्दथ्यो। तर, आगामी आर्थिक वर्षको बजेटमा पनि नेपाल सरकारले केही पनि गरेन। त्यस हिसावले ती भूभागहरु नेपालको हो कि होइन भन्ने कुरा नेपाल सरकारले धेरै ठूलो त्रुटि गरेको छ। तर, ती भूभागहरुसहितको नक्सा संसदले सर्वसहमतिबाट जसरी अनुमोदन गर्‍यो, नेपालको लागि सबभन्दा ठूलो प्रमाण हो। *(मण्डल जनता समाजवादी पार्टी नेपालका नेता हुन।) (मधेश दर्पण फिचर सेवा)*

# एक सय ३५ घर मुसहर र डोम समुदायलाई खाद्यान्न वितरण



**राजविराज**/ दलित सरोकार मञ्च कञ्चनरुप र व्योम कुसुमा बुद्धधर्म संघका विद्याधर आचार्य महायोगी श्रीधर राणा रिन्पोछेको सहयोगमा सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं. २ का १ सय ३५ घर मुसहर र डोम समुदायलाई मंगलबार खाद्यान्न वितरण गरिएको छ।

जसमध्ये १८ डोम र १ सय १७ मुसहर समुदाय परिवारलाई राहत वितरण गरिएको मञ्चका अध्यक्ष युक्तिलाल मरिक डोमले जानकारी दिएका छन्।

राहतमा उसिना चामल २५ किलो, गहुँको पिठो ५ किलो, दाल ३ किलो, सोयाविन ३ किलो, साबुन ४ थान र नुन २ प्याकेट वितरण गरिएको छ।

यसअघि मञ्चले महायोगी श्रीधर राणा रिन्पोछेको सहयोगमा कञ्चनरुप नगरपालिकामा ४ सय ७२ घरधुरी डोम,४ मुसहर, राम र पासवान समुदायलाई राहत वितरण गरिएको संस्थाका अध्यक्ष मरिक डोमले बताए।

२०७६ चैत ११ गतेदेखी जारी लकडाउनका कारण दलित समुदायभित्र पनि सिमान्तकृत मुसहर समुदायलाई पहिलो प्राथमिकतामा राखेर राहत वितरण गरिएको संस्थाका कार्यकारी निर्देशक भोलाकुमार पासवानले बताए।

# महिलाहरूलाई कुखुरा र हाँसको चल्ला बितरण





**राजविराज**/बहुक्षेत्रिय पोषण योजना कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनका महिलाहरूलाई हाँसको चल्ला र कुखुरा बितरण गरिएको छ।

सप्तरीको रुपनी गाउँपालिकाले बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनका महिलालाई अण्डा पार्ने लेयर्स कुखुरा बितरण गरेको हो।

सो गाउँपालिका र युनिसेफको सहयोगमा संचालित बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत प्रत्येक वडाबाट २५ जनाका दरले छनौट गरी १ सय ५० जना महिलाहरुलाई तीन वटाका दरले अण्डा पर्ने लेयर्स कुखुरा ४ सय ५० प्रति वितरण गरेको जनाएको छ।

त्यस्तै सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका र युनिसेफको सहयोगमा संचालित बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनका महिलाहरूलाई हाँसका चल्ला बितरण गरिएको छ।

पहिलो चरणमा गाउँपालिकाले वडा ५, ६, ७ र ८ मा गर्भवति र सुत्केरी महिलाहरूलाई चल्ला बितरण गरेको वडा नं. ८ का अध्यक्ष लक्ष्मी खंगले जानकारी दिएका छन्। तोपाका ४० जना सुनौलो हजार दिनका गर्भवति तथा सुत्केरी महिलाहरूलाई हाँसका चल्ला बितरण गरेको उनले बताए।


## NOVEL CORONA VIRUS (nCOV)

सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४°F भन्दा माथि)

श्वास प्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।"

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने।

खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने।

फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने।

फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने।

जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।

पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने।

अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी



## NOVEL CORONA VIRUS (nCOV)

सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४°F भन्दा माथि)

श्वास प्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।"

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने।

खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने।

फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने।

फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने।

जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।

पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने।

अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

# उद्योग व्यवसायीद्वारा बैंकर्सलाई ज्ञापनपत्र



**राजबिराज**/सप्तरी उद्योग वाणिाज्य संघले आफ्ना माँगहरूसहित वैकर्सहरुलाई ज्ञापनपत्र बुझाएको छ ।

जिल्लाका उद्योगी व्यवसायीद्वारा बैंकिङ क्षेत्रलाई दिइएको ज्ञापनपत्रमा लकडाउन अवधि सम्मको वैक व्याज र पेनाल्टी व्याजमा छुट हुनुपर्ने र खातामा रहेको रकम बैकले सम्वन्धितलाई जानकारी नै नगराई स्वत व्याज र किस्तामा कटागरी गरेको क्रियाकलाप अविलम्व रोक्नुपर्ने लगायतका मागहरु राखिएका छन् ।

संघका अध्यक्ष अरुणकुमार प्रधानको नेतृत्वमा बुझाइएको पाँच बुदे ज्ञापन पत्रमा जिल्लाका बिभिन्न पेशागत संघ संगठनमा रहेका उद्योगी व्यवसायीहरुले आफ्ना मागहरु सम्बोधन नगरिए कडा आन्दोलन गर्ने चेतावनी समेत दिइएको छ ।

# महिलाहरुमा लाग्ने रोग बारे अभिमूखीकरण सम्पन्न

**राजबिराज**/महिलाहरुमा हुने फिस्टुला, स्तन क्यान्सर तथा सर्भाइकल क्यान्सरको स्क्रीनिङ्ग सम्बन्धी एक दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाको स्वास्थ्य शाखाद्वारा प्राथमिक स्वास्थ्य केन्द्र तोपामा आयोजित सो एक दिने अभिमुखीकरण कार्यक्रममा महिला स्वास्थ्य स्वयम्सेविका, स्वास्थ्यकर्मी तथा महिलाहरुको सहभागिता रहेको थियो ।

सो अभिमुखीकरण कार्यक्रममा प्राथमिक स्वास्थ्य केन्द्र तोपाका डा. प्रकाश सिंह, जनस्वास्थ्य अधिकृत भूपेन्द्र झा, कल्पना मण्डल र चन्द्रा नेपालीले सहजीकरण गरेका थिए ।

अभिमुखीकरण पश्चात बुधबार प्राथमिक स्वास्थ्य केन्द्र तोपामा त्यस्ता समस्या भएका महिलाहरुको लागि स्क्रीनिङ्ग शिविर समेत सञ्चालन गरिएको छ ।

# सहकारी सदस्यलाई क्षमता अभिबृद्धि तालिम

**राजबिराज**/एक बर्ष भन्दा कम अबधिमा दर्ता भएका सहकारी सदस्यहरूका लागि क्षमता अभिबृद्धि सम्बन्धी तीन दिने तालिम सम्पन्न भएको छ ।

बिष्णुपुर गाउँपालीका वडा नं. १ स्थित जमुनी मधेपुरामा सो तीन दिने तालिम सम्पन्न भएको हो । प्रदेश २ सरकारको कृषि तथा भुमी ब्यबस्था मंन्त्रालयको सहयोगमा तथा श्री धर्मराज कृषी सहकारी संस्थाको आयोजनामा क्षमता अभिबृद्धि सम्बन्धि तालिमको आयोजना गरिएको छ ।

तालिममा जमुनी मधेपुरा, खुरहुरीया, अनरीपटीका



सहकारीका सदस्य तथा कृषकहरूलाई सहकारीप्रति उत्साह तथा सहकारीको बिकासको बारेमा जानकारी गरिएको संस्थाका अध्यक्ष रामेश्वर यादबले बताए ।

संस्थाका अध्यक्ष रामेश्वर यादबको अध्यक्षतामा आयोजित तीन दिने अभिमुखीकरण तालिममा ब्रहनारायण देब, पशुपति यादबले सहजिकरण गरेका थिए । ४० जनाको सहभागितामा बुधवारदेखि संचालित तालिम शुक्रवार सम्पन्न भएको थियो ।

# झण्डै पचास हजार बराबरको खैनी बरामद

**राजबिराज**/प्रहरीले सप्तरीको अग्निसाईर कृष्णासावरण गाउँपालिका ४ बलारदहबाट ८५ पोका कबिर छाप खैनी बरामद गरेको छ ।

अन्दाजी १७ हजार मुल्य बराबरको सो खैनी प्रहरी चौकी फत्तेपुरबाट खटिएको प्रहरी टोलीले बरामद गरेको हो ।

यस्तै जिल्लाको छिन्नमस्ता गाउँपालिका २ महुवाबाट प्रहरीले ३० पोका खैनी बरामद गरेको छ । अन्दाजी ३० हजार मुल्य बराबरको सूर्ती ईलाका प्रहरी कार्यालय सखडाबाट खटिएको प्रहरीको गस्ती टोलीले बरामद गरेको हो ।

यता दुबै स्थानबाट बरामद भएको खैनी आवश्यक कारवाहीका लागी भन्सार कार्यालय तिलाठी बुझाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# मदिरा नष्ट

**राजविराज**/सप्तरी प्रहरीले ठूलो परिमाण्मा घरेलु मदिरा नष्ट गरेको छ ।

जिल्लाको सुरुङ्गा नगरपालिकाको विभिन्न वडामा बिहीबार छापा मारेर ठुलो परिमाणमा मदिरा बरामद गरी नष्ट गरेको हो ।

प्रहरीको टोलीले सो नगरपालिकाको वडा नं.४, ५ र ७ लगायतका स्थानबाट १ हजार २ सय ३० लिटर अबैध घरेलु मदिरा नष्ट गरेका हो । सो क्रममा ४ वटा भट्टी पसल भत्काउनुका साथै ८ सय लिटर कच्च पदार्थ तथा मदिरा बनाउने ५ थान मेसिन समेत नियन्त्रणमा लिई नष्ट गरिएको जनाएको छ ।

यसअघि बुधवार पनि प्रहरीले जिल्लाको डाक्नेश्वरी नगरपालिका १ बलाटी चौकमा अबैधरुपमा संचालन हुदै आएको भट्टी पसलबाट प्रहरीले १ हजार ३ सय लिटर तयारी मदिरा तथा १५ थान भाडाकुडा नियन्त्रणमा लिई आवश्यक कानुनी प्रक्रिया पुरा गरी नष्ट गरेको थियो ।




## अन्तर्राष्ट्रिय समाचार

# भारतमा ६२.४२ प्रतिशत निको भई घर फर्किए, मृत्यु दर २.७२ प्रतिशत

**नयाँ दिल्ली**/भारतमा कोभिड-१९ सङ्क्रमितमध्ये ६२.४२ प्रतिशत व्यक्ति उपचारपछि निको भई घर फर्किएका भारतको संघीय मन्त्रालयले शुक्रबार बताएको छ । मृत्यु दर २.७२ प्रतिशतमा झरेको बताइएको छ ।

देशका १८ राज्यहरूमा सङ्क्रमित निको हुनेको राष्ट्रिय दरभन्दा औसत दर बढी रहेको बताइएको छ । त्यस्तै विभिन्न ३० राज्यमा मृत्युदर राष्ट्रिय तथ्याङ्कभन्दा कम रहेको छ ।

निको भई घर फर्किनेको सङ्ख्या राष्ट्रिय तथ्याङ्कभन्दा बढी हुने राज्य, पश्चिम बङ्गालमा ६४.९४ प्रतिशत, उत्तर प्रदेशमा ६५.२८ प्रतिशत, उडिसामा ६६.१३ प्रतिशत, मिजोराममा ६७.५१ प्रतिशत, झारखण्डमा ६८.०२ प्रतिशत, पञ्जाब ६९.२६ प्रतिशत, बिहार ७०.४० प्रतिशत, गुजरात ७०.७२ प्रतिशत,मध्य प्रदेह ७४.८५ प्रतिशत, हरियाणा ७४.९१ प्रतिशत, त्रिपुरा ७५.३४ प्रतिशत, राजस्थान ७५.६५ प्रतिशत, दिल्ली ७६.८१ प्रतिशत, चण्डीगढ ७७.०६ प्रतिशत, छत्तीसगढ ७८.९९ प्रतिशत, उत्तराखण्ड ८०.८५ प्रतिशत, लद्दाख ८६.७३ प्रतिशत र हिमाञ्चल प्रदेश ७४.२१ प्रतिशत रहेको छ ।

त्यस्तै सङ्क्रमित मृत्यु भउको राष्ट्रिय औसत तथ्याङ्क २.७२ प्रतिशतभन्दा कम हुने राज्यहरूमा मणिपुर, नागाल्याण्ड, मिजोराम, अन्दामान तथा निकोबार टापू, सिक्किम, त्रिपुरा, दादरालगायतका स्थान रहेका छन् । सङ्क्रमण दर दुई प्रतिशतभन्दा बढी रहेका राज्यहरूमा राजस्थान, उत्तर प्रदेश, पञ्जाब, तामिलनाडू, जम्मू-कश्मिर, कर्नाटक, हरियाणारहेका छन् ।

भारतभर एक हजार २१८ कोभिड-१९ विशेष अस्पताल, दुई हजार ७०५ कोभिड-१९ विशेष स्वास्थ्य केन्द्र र १० हजार ३०१ सामान्य कोभिड उपचार केन्द्र स्थापना गरिएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

भारतमा विगत २४ घण्टामा दुई लाख ८३ हजार ६५९ शङ्कास्पद नमूनाको परीक्षण भएको र अहिलेसम्म एक करोड १० लाख २४ हजार भन्दा बढी व्यक्तिको कोभिड-१९ परीक्षण भएको छ ।

भरतमा शुक्रबार साँझसम्म कोभिड-१९ बाट सङ्क्रमण पुष्टि हुनेको सङ्ख्या सात लाख ९८ हजार १६१ रहेको छ भने मृत्यु हुनेको सङ्ख्या २१ ह्जार ६५६ रहेको छ । त्यस्तै भारतमा निको भई घर फर्किने कोभिड-१९ सङ्क्रमितको सङ्ख्या चार लाख ९७ हजार ६९० रहेको छ । यहाँ अझै दुई लाख ७८ हजार ८०० भन्दा बढी रहेका छन् । एजेन्सी

# मृत्युदण्ड सम्बन्धी अमेरिकी संघीय कानुन सच्याउन युरोपेली संघको आग्रह

**ब्रसेल्स**/युरोपेली युनियनले मृत्युदण्ड सम्बन्धी अमेरिकी संघीय कानुन ब्यूँताउने अमेरिकी प्रशासनको निर्णयप्रति असन्तोष जनाउँदै उक्त कानुन फिर्ता लिन आग्रह गरेको छ । अमेरिकाले १७ वर्षपछि मृत्युदण्ड सम्बन्धी विवादास्पद कानुन पुनः ब्यूँताएको छ ।

संघीय मृत्युदण्डको अभ्यास पुनः शुरु गर्ने गरी संयुक्तराज्य अमेरिकाले एक वर्षअघि निर्णय गरेको थियो । पछिल्लो पटक यस्तो सजाय सन् २००३ मा दिइएको थियो ।

अमेरिकी अदालतहरुले गत जुन महिनामा घातक सुई दिएर मृत्युदण्ड दिन मञ्जुरी दिएका थिए । अधिकारीहरुले यही जुलाई र अगस्टमा पनि चार जनालाई मृत्युदण्ड दिँदैछन् ।

युनियनका विदेश नीति प्रमुख जोसेफ बोरेलले आगामी जुलाई १३ का लागि तय भएको मृत्युदण्डलाई स्थगित गर्न र यसअघिको संघीय नियममाथि पुनर्विचार गर्न अमेरिकी प्रशासन समक्ष अनुरोध गर्नु भएको छ ।

उहाँले युरोपेली युनियन मृत्युदण्डका सजायप्रति कुनै पनि शर्तमा सहमत हुन नसक्ने बताउँदै युनियनले विश्वबाटै यस्तो कानुनी प्रबन्ध पूर्ण रुपमा समाप्त गर्नेतर्फ आफ्ना पहलहरुलाई निरन्तरता दिने बताउनुभयो ।

संयुक्तराज्य अमेरिकामा अधिकांश फौजदारी अभियोगहरु राज्यका अदालतहरुमा सुनुवाई हुने गरेका छन्, तर केही मुद्दा जस्तै घृणा फैल्याउने वा गम्भीर प्रकृतिका वा सैनिक वा अमेरिकी मूलबासीको संरक्षणसँग सम्बन्धित अपराधमा संघीय अदालतमा सुनुवाई हुने गर्दछ ।

विगत ४५ वर्षमा संघीय तहबाट सन् २००१ मा टिमोथी म्याकभी समेत तीन जनालाई मात्र मृत्युदण्ड दिइएको छ । उनीमाथि सन् १९९५ को ओक्लाहोमा बम हमलामा दोषी ठहर गरिएको थियो । यस बम आक्रमणमा १६५ जनाको मृत्यु भएको थियो ।

मतसर्वेक्षणका अनुसार पछिल्ला वर्षहरुमा मृत्युदण्डको पक्षमा जनमत कमजोर हुँदै गएको छ र यो सन् १९९० को दशकमा ८० प्रतिशतको हाराहारीमा रहेकामा अहिले करिब ५० प्रतिशतमा झरेको छ ।

केही राज्यहरु खासगरी अमेरिकाका दक्षिणी राज्यहरुमा मृत्युदण्ड दिने प्रचलन अद्यापी छ । अमेरिकामा गत वर्ष सन् २०१९ मा २२ जनालाई मृत्यु दिइएको थियो । एजेन्सी

# तिलाठी कोइलाडीको गाउँसभा सम्पन्न



**राजबिराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाको चट्याङ्ग, आगलागी, शीतलहर, बाढी, सर्पदंश जस्ता प्रकोपको कारण ज्यान गुमाएका ब्यक्तिको परिवारलाई क्रिया खर्च स्वरुप रु. २५ हजार प्रदान गर्ने निर्णय गरेको छ ।

सो गाउँपालिकाको शुक्रबार सम्पन्न चौथो गाउँ सभाबाट उक्त निर्णयहरु गरिएको हो । यस्तै खाँडो खोलाले प्रत्येक बर्ष कटान, डुबान गरी करोडौंको धनजन क्षति गरिरहेको हुँदा सो नदीमा दुवैपट्टी बनाइएको बाँधलाई थप बलियो बनाउन खाँडो नदी नियन्त्रण आयोजना लगायतका अन्य सम्बन्धित निकायहरुमा सिफारिस साथ पठाउने निर्णय पनि गरेको छ ।

कोरोना भाइरसका कारण मारमा परेका कृषकलाई सुविधा दिन गाईभैंसी पालन गर्न इच्छुक कृषकहरुलाई सहकारी संस्थामार्फत एक बर्षभित्रै फिर्ता गर्ने गरी बिना ब्याज ५० प्रतिशत निर्ब्याजी ऋण दिन कृषक उत्थान घुम्ती कोष निर्माण गर्ने निर्णय गरिएको गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहले जानकारी दिँदै यसका लागि आवश्यक कार्यविधि तयार गर्न गाउँपालिकालाई निर्देशन दिइएको बताए । यसैगरि सो सभामा गाउँपालिकाका सबै विद्यालयहरुमा विपद् जोखिम न्युनीकरण शिक्षालाई अनिवार्य गर्ने निर्णय गरिएको अध्यक्ष सिंहले बताए ।

सो सभाको उद्घाटन सत्रमा कोरोना भाइरस रोकथाम तथा नियन्त्रणमा उल्लेखनीय कार्य गरेको भन्दै गाउँपालिकाका सबै स्वास्थ्यकर्मीहरुलाई गम्छा ओढाई प्रशंसा पत्र प्रदान गरिएको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत राजुकुमार झाले जानकारी दिए ।

यसैगरी कोभिड १९ नियन्त्रण तथा शान्ति सुरक्षा कायम गर्न उल्लेखनीय भूमिका निर्वाह गरेका सशस्त्र प्रहरी बल बोर्डर आउट पोष्ट तिलाठी र को. बर्साइन, प्रहरी चौकी तिलाठी र को. बर्साइन, क्वारेन्टाइन ब्यवस्थापनमा सहयोग गर्ने तिलाठीका सन्तोष कुमार झा र रञ्जयकुमार यादव, मावि कट्टीका प्रधानाध्यापक विपीन झा र सन्तोषचन्द्र सिंह तथा वडा सचिवहरुलाई समेत सम्मान गरियो ।

क्वारेन्टीनमा जोखिम मोलेर खाना पकाई खुवाउने मावि कट्टीका कैलु मण्डल र लौनियाका विरेन्द्र साह तथा गाउँपालिकाका एम्बुलेन्स चालक अमरेन्द्र देवलाई नगद दुई हजार एक सय रुपैयाँ, गम्छा र प्रशंसा पत्रले सम्मान गरिएको गाउँपालिकाका कार्यक्रम अधिकृत राजेशकुमार झाले बताए ।

तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहको अध्यक्षतामा सम्पन्न गाउँ सभामा निमित्त प्रमुख प्रशासकीय अधिकृत राजुकुमार झाले स्वागत मन्तब्य ब्यक्त गरेका थिए ।

## सप्तकोशीमा ...

स्थानमा बस्न आग्रह गरिरहेको प्रहरी उपरिक्षक कृष्ण प्रसाईले बताए ।

निरन्तरको वर्षासँगै सप्तरी र सुनसरीको सीमामा पर्ने सप्तकोशी नदीमा पानीको बहाव उच्च बन्दै गएको छ । शनिबार दिउँसो ३ बजेको मापन अनुसार पानीको बहाव २ लाख ७६ हजार ५ सय ५५ क्युसेक प्रतिसेकेन्ड मापन गरिएको छ । जसकारण आसपासका बासिन्दालाई सचेत गराउन खतराको संकेत स्वरुप रातो बत्ति बालिएको छ भने कोशी ब्यारेजका ५६ मध्ये ४० ढोका खोलिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै निरन्तरको वर्षाले तिलाठी कोइलाडी गाउँपालिकका झण्डै १ सय ३० विगहा जग्गामा लगाइएको धान खेती बगरमा परिणत भएको तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिश सिंहले बताए ।

# तीन मिटर लामो अंजिगर फेला पर्‍यो



**राजबिराज**/वर्षाको पानीसँगै बगेर आएको तीन मिटर लामो अजिंगर सर्प शनिबार फेला परेको प्रहरीले जनाएको छ ।

शनिबार बिहान हनुमाननगर कंकालिनी नगरपालिका ४ अर्जि टोल बस्ने रामनारायण सदाको बारीमा वर्षासँगै बगेर आएको तीन मिटर लामो तथा ८ किलो वजन भएको अंजिगर सर्प फेला परेको हो ।

घरपट्टी सदाले जानकारी दिएपछि इलाका प्रहरी कार्यालय भारदहबाट खटेको प्रहरी टोलीले जालीको माध्यमले सर्पलाई नियन्त्रणमा लिई शनिबारै डिभिजन वन कार्यालय बुझाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । उक्त अंजिगर सर्प हेर्न स्थानियको ठूलो भिड खडा भएको थियो ।

## शिवथानवासी हातमा ...

बेलामा आवतजावतमा आफ्ठ्यारो भइरहेको स्थानिय लल्लु यादवले बताए ।

यता बर्षाको पानीले बर्सेनि राजबिराज नगरपालीकाको वडा १ डुमरीशिवथान, वडा १० को दिघवा र वडा १५ देउरीभरूवा लगायका वडामा खाँडो नदिको बाढीले जनधनको क्षति हुने गरेको छ ।


## हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## २०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु

- मासिक बीस हजार रुपैयाँभन्दा बढीमा घर बहालमा दिँदा घर बहालमा लिने दिने व्यक्तिले लिखित सम्झौता गर्नु पर्ने,
- काम लगाउने व्यक्तिले काम गर्ने व्यक्तिलाई कामको अनुपातमा ज्याला दिनु पर्ने,
- पचास हजार रुपैयाँ भन्दा बढी रकम लेनदेन गरी घरसारमा तयार भएको लिखत स्थानीय तहबाट प्रमाणित गराउनु पर्ने,
- धर्मपुत्र धर्मपुत्री राख्दा जिल्ला अदालतबाट प्रमाणीकरण गराउनु पर्ने,
- सार्वजनिक पदाधिकारीले पदीय हैसियतमा नाम र दर्जा खुलाई कुनै लिखतमा हस्ताक्षर गर्नु पर्नेमा सो नगरे पाँचसय रुपैयाँसम्म जरिवाना हुन सक्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*